# राजदेवी नगरपालिका
# Rajdevi Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive

राजदेवी, रौतहट
Rajdevi, Rautahat

मधेश प्रदेश, नेपाल
Madhesh Province, Nepa

पत्र संख्या :०७९/०८०
चलानी नं. :
प्राप्त प.सं/च.नं.

मितिः- २०८०।०२।२३

### आन्तरिक आय ठेक्का सम्बन्धी शिलबन्दी वोलपत्र आह्वान सम्बन्धी सूचना ।

(प्रथम पटक प्रकाशीत भएको मिति २०८०।०२।२३)

यस कार्यालयबाट आर्थिक वर्ष २०८०।०८१ का लागी स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६१ बमोजिम तथा राजश्व परामर्श समितिको मिति २०८०।०१।१५ गतेको निर्णयानुसार निम्नानुसारको आन्तरीक आय ठेक्का वन्दोवस्त गर्नु पर्ने भएकोले तपशिलमा उल्लेखित ठेक्का विवरण तथा शर्तहरूको अधिनमा रही ईच्छुक नेपाली नागरिक, फर्म, व्यक्ति वा निजको प्रतिनिधिहरूले यस नगर कार्यपालिकाको कार्यालयबाट निर्धारित समयावधि भित्र तपशिल अनुसारको दरभाउ पत्र दस्तुर नेपाल बैक लिमिटेड, राजदेवी शाखाको आन्तरिक राजश्व खाता नं. २६२०३०००००१००१०००००१ मा जम्मा गरेको सक्कल बैंक भौचर वा नगद (पछि फिर्ता नहुने) पेश गरि दरभाउ पत्र फारम खरिद गरी रीतपूर्वकको गोप्य शिलबन्दी दरभाउ पत्र पेश गर्न सम्बन्धित सबैको जानकारीको लागी १५ ( पन्द्रह) दिने यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

तपशिल

| ठेक्का नम्बर | ठेक्का विवरण | न्युन्तम कबोल अंक ( मु.अ.कर वाहेक) ( रूपैयाँमा) | दरभाउ पत्र फारम दस्तुर (रूपैयाँमा) | धरौटी रकम ( रूपैयाँमा) |
|---|---|---|---|---|
| १ | वागमती नदीको भारतीय सिमाना देखि कटरवन पायल रामजस साहको जग्गामा रहेको स्पर सम्मको माछा ठेक्का | १,५०,०००।- | १०००।- | कबोल अंकको ५% |
| २. | वागमती नदीको कटरवन पायल रामजस साहको जग्गामा रहेको स्पर देखि अर्जित राउतको घर/जग्गा सम्मको माछा ठेक्का | १,५०,०००।- | १०००।- | कबोल अंकको ५% |
| ३. | वागमती नदीको अर्जित राउतको घर/जग्गा देखि वडहर्वा प्रवेश द्वार नजिक रहेको दक्षिण ८ नं. स्पर सम्मको माछा ठेक्का । | ३,००,०००।- | १०००।- | कबोल अंकको ५% |
| ४. | गढहिया घाटमा डुंगा सेवा | २,००,०००।० | १०००।- | कबोल अंकको ५% |
| ५. | कटरवन घाटमा डुंगा सेवा | ५०,०००।० | ५००।- | कबोल अंकको ५% |

**कर, दस्तुर संकलन दररेट (मु.अ.कर बाहेक) निम्न बमोजीम रहने छ ।**

(१) ढुंगा घाटको कर दस्तुर संकलनको दर रेट :

| क्र.सं. | विवरण | कर रकम रू. |
|---|---|---|
| १. | प्रति व्यक्ति | १०।- |
| २ | प्रति साईकल | १०।- |
| ३ | प्रति मोटरसाईकल/स्कुटर | ५०।- |
| ४ | प्रति चार पांग्रे सवारी (खाली) | २००।- |

**शर्त तथा बन्देज :**

१. माछा तथा ढुंङ्गा ठेक्को अवधि सम्झौताभएको मिति देखी २०८१ अषाढ मसान्त सम्म (१ वर्षको लागी) हुनेछ ।

२. ठेक्काको लागी दरभाउ पत्र फारम यो सुचना प्रथम पटक प्रकाशित मितिले १५ (पन्द्रह) औं दिन (मिति २०८०।०३।०५ गते सम्म राजदेवी न.पा.बाट खरिद गर्न सकिने छ र यसरी खरिद भएका दरभाउपत्र १६ (सोरह) औं दिन (मिति २०८०।०३।०६) गते दिनको १२:०० बजे सम्म राजदेवी न.पा.को कार्यालय राजदेवी रौतहटमा शिलबन्दी दर्ता गर्न सकिने छ ।

३. दरभाउ पत्र फारम खरिद एवं दर्ता गर्ने अन्तिम दिन विदा पर्न गएमा कार्यालय खुलेको दिनलाई क्रमशः अन्तिम दिन मानिने छ ।

४. विभिन्न ठेक्काहरूको टेन्डर फारममा उल्लेख भए अनुसार कबोल अंक ठेक्का नम्बर खुलाई अलग अलग रूपमा छुटा छुटै फाराममा छुटा छुटै खाममा ठेक्काको नाम उल्लेख गरि शिलबन्दी गरि पेश गनुपर्ने छ ।

५. शिलबन्दी दरभाउ पत्र दखिला गर्दा कुनै किसिमको शर्त मान्य हुने छैन । दरभाउ पत्र दाताले कबोल गरेको रकमको अंक र अक्षरमा स्पस्ट लेख्नु पर्ने छ अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिईने छ ।

६. दरभाउ पत्र दाताले दरभाउ पत्र दर्ता गर्दा आफुले कबोल गरेको अंकको ५% ले हुन आउने रकम यस कार्यालयको नेपाल बैंक लिमिटेड शाखा राजदेवी स्थित २६२०३००००३०००००००१ धरौटी खातामा जम्मा गरेको सक्कलै बैंक भौचर, नगद वा यस कार्यालयको नाममा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी भएको कम्तीमा ९० दिन म्याद भएको बैंक ग्यारेन्टी (बिडबण्ड) दरभाउ पत्र साथ पेश गर्नुपर्ने छ ।

७. दर्ता भएका शिलबन्दी दरभाउ पत्र सोही दिन दिनको २:०० (दुई) बजे यस कार्यालयमा सम्बन्धित कार्यालयका प्रतिनिधीहरू र दरभाउ पत्र दाताका प्रतिनिधिहरूको रोहबरमा खोलिने छ । साथै दरभाउ पत्र खोल्ने समयमा दरभाउ पत्र दाताको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउ पत्र खोल्न बाधा पर्ने छैन ।

८. दरभाउ पत्र स्वीकृत भई सकेपछि सकार गरेको कुल रकमको हकमा ५०% नगद जम्मा गर्नु पर्ने र ५० % को हकमा नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त बैंकको कम्तीमा २०८१ अषाढ महिना सम्मको म्याद भएको परफरमेन्स बौण्ड पेश गर्नु पर्नेछ । दरभाउ पत्र दाताले कबोल गरेको सम्पुर्ण रकम बुझाई सम्झौता गरेमा १०% सहुलियत स्वरूप छुट दिइनेछ ।

९. प्रचलित कानुन अनुसार ठेक्का वापत लाग्ने सम्पूर्ण कर दस्तुर ठेक्दार स्वंयमले व्यहोर्नु पर्नेछ ।

१०. दरभाउ पत्र फारम स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार यस कार्यालयमा निहित रहनेछ ।

११. ठेक्का स्विकृत भएको मितिले ७ दिन भित्र नियमानुसार बुझाउनु पर्ने रकम बुझाई सम्झौता गरि चलन पूर्जी लिई सक्नु पर्नेछ अन्यथा ठेक्का रद्द गरि प्रचलित नियमानुसार हुनेछ ।

१२. ठेक्का सम्बन्धी कार्यालय तथा ठेक्कदार बीच कुनै विवाद उत्पन्न भएमा राजदेवी नगरपालिकाको निर्णय अनुसार हुनेछ साथै राजदेवी नगरपालिकाले वेला वेलामा आवश्यक निर्देशन दिन सक्नेछ र उक्त निर्देशन पालना गर्नु सम्बन्धीत ठेक्दारको कर्तव्य हुनेछ ।

१३. यसमा उल्लेखीत शर्तहरू यसै बमोजीम तथा उल्लेखित नभएको व्यहोराको हकमा सार्वजनिक खरिद नियमावली, २०६४ का साथैं अन्य प्रचलित ऐन नियम अनुसार हुनेछ ।